# कोन्ज्योसोम गाउँपालिका

## स्थानीय राजपत्र

कोन्ज्योसोम गाउँपालिका, ललितपुरद्वारा प्रकाशित

भाग-२

खण्डः ८ संख्याः २

मितिः २०८२/०७/१२

# कोन्ज्योसोम गाउँपालिकाको नदीजन्य पदार्थ अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि २०८२

**प्रस्तावना**

कोन्ज्योसोम गाउँपालिका भित्रका नल्लु खोला, भारदेउ खोला, भालु खोला, ठोट्ने खोला तथा आसपासका खहरेहरुबाट संकलन र उत्खनन् हुने नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदि) को उचित व्यवस्थापन गरी विक्री वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन तथा अविरल बर्षा र बाढीबाट थुप्रिन आएको नदीजन्य पदार्थको कारण खोला किनाराका बस्तीहरुको संरक्षण र जनताको जीउधनको रक्षार्थ विपद् जोखिम न्यूनीकरण गर्न समेत सहयोग पुग्ने अवस्था र गत विगतका बर्षहरुमा घटेको विपद्जन्य घटना र भविष्यमा समेत आइपर्न सक्ने विपदजन्य/नदीजन्य घटनालाई न्यूनीकरण तथा व्यवस्थापन गर्न समेत सकिने अवस्थाका लागि सम्बन्धित खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE ) स्वीकृत भई ठेक्का बन्दोवस्त नभए सम्मका लागि कोन्ज्योसोम गाउँपालिकाले अमानतबाट कर संकलन सम्बन्धी कार्य गर्नको लागि कोन्ज्योसोम गाउँपालिकाको स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को परिच्छेद ८ दफा ६६ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी कोन्ज्योसोम गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस कार्याविधिको नाम कोन्ज्योसोम गाउँपालिकाको नदीजन्य पदार्थको अमानतबाट कर संकलन गर्ने सम्बन्धी कार्यविधि, २०८२ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "**अध्यक्ष**":- भन्नाले कोन्ज्योसोम गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

ख) "**उपाध्यक्ष**" :- भन्नाले कोन्ज्योसोम गाउपालिकाका उपाध्यक्ष सम्झन पर्छ ।

ग) "**गाउँपालिका**" :- भन्नाले कोन्ज्योसोम गाउपालिका सम्झन पछ।

घ) "**वडा अध्यक्ष**" :- भन्नाले कोन्ज्योसोम गाउँपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष सम्झनु पर्छ।

ङ) "**मापदण्ड**" :- भन्नाले ढुंगा गिटी वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ सम्झनुपर्दछ।

च) "**नदीजन्य पदार्थ**" :- भन्नाले नदी वा नदी किनाराबाट उत्खनन् गरिएको ढुंगा, गिटी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनुपर्दछ।

३. अमानत बाट कर संकलन सम्बन्धी व्यवस्थाः १) गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन बमोजिम ठेक्का वन्दोवस्त नभए सम्मको लागि अमानतबाट प्रचलित दररेटमा कर संकलन गर्नेछ।

क) प्रदेश आर्थिक ऐनमा तोकिएको दररेट मा १३ प्रतिशत मु.अ.कर समेत समावेश गरी कर संकलन गरिनेछ।

ख) यसरी मु.अ.कर बापत जम्मा भएको रकम प्रत्येक चौमासिकमा नेपाल सरकारको सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

ग) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको म्याद समाप्त भएको अवस्थामा नयाँ प्रतिवेदन तयार नभए सम्मको लागि तत्काल अघि कार्यान्वयन भएको प्रतिवेदनलाई आधार मानेर क्षेत्र तथा परिमाण निर्धारण गर्न सकिनेछ।

घ) नदीजन्य पदार्थको उत्खनन् गर्दा श्रममुलक प्रविधिको उपयोग गरी घरेलु हाते औजार (कुटो, कोदालो, सावेल आदि) मात्र प्रयोग गर्न सकिनेछ। मेशिन प्रयोग गर्नुपर्ने अवस्थामा वातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रचलित कानून बमोजिम हुनेछ।

ङ) नदीजन्य पदार्थको उत्खनन् र संकलन कार्य विहान ६ बजदखि बेलुकी ६ बजेसम्म मात्र गर्न सकिनेछ।

च) नदीजन्य पदार्थ संकलन गदा गाउँपालिकाले तोकेका प्राविधिकले गरेका रेखाकनभित्रबाट मात्र गर्नुपर्नेछ ।

छ) उत्खनन्, संकलन र विक्री वितरण कार्यमा बालश्रमको प्रयोग गर्न पाइने छैन ।

ज) उत्खनन् र संकलन कार्यमा संलग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्नेछ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षात्को समयमा खोलाले बगाई मानवीय क्षति हुन गएमा सोको जिम्मेवार अनुमति प्राप्त समूह र स्वयं कामदार हुनुपर्नेछ ।

झ) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा तोकिएको परिमाण र गहिराई भन्दा बढी उत्खनन् गर्न पाइनेछैन ।

ञ) खोलाको वहाव परिवर्तन हुने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न पाइने छैन ।

४. उत्खनन्, संकलन र विक्री वितरण प्रकृयाः १. गाउँपालिका भित्रका नदी, कोन्ज्योसोम खोला एवं आसपासका खोल्साहरुबाट बर्षातको समयमा बगाई ल्याएको ढुंगा, गिटी, वालुवा लगायतका नदीजन्य सामाग्री उत्खनन्, सकलनबाट निस्कका सामागी एव गत वर्षको मौज्दात नदीजन्य सामाग्रीहरुको शुल्क देहाय बमोजिम असुल उपर गरिनेछ ।

क) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भई ठेक्का संझौता नभए सम्मको लागि गाउँपालिकाले अमानतबाटै कर संकलन गर्नेछ । जसमा गाउँपालिकाको तर्फबाट वातावरण शुल्क प्रति घन फिट रु.१/- को दरले लिईनेछ ।

ख) कर संकलन गर्दा नाका पहिचान गरी कर्मचारी खटाइनेछ ।

ग) वर्षात्को समयमा बगाइ ल्याएको नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि इच्छुक व्यक्तिहरुले संबन्धित वडाको सिफारिस साथ गाउँपालिका समक्ष अनुमतिको लागि निवेदन दर्ता गराउन सक्नेछन् । यसरी निवेदन दिंदा आफुले संकलन

गर्न चाहेको क्षेत्र, परिमाण र समय सीमा तोकि अनुमति माग गर्नुपर्नेछ ।

घ) अनुमति माग भएको कागजात पेश भएपछि देहायको समितिबाट उत्खनन् क्षेत्र, उत्खनन् परिमाण, प्राथमिकता समेतको आधारमा आवश्यक जाँचबुझ गरी अध्यक्ष समक्ष अनुमतिको लागि सिफारिस गर्ने छ ।

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ३. वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

ङ) उक्त समितिको सिफारिस बमोजिम अध्यक्षले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले तोकेको क्षेत्र भित्र उत्खनन् तथा संकलनको परिमाण, समय अवधि तोकी अनुसूची १ बमोजिमको ढाचामा अनुमति दिन सक्नेछ ।

च) जुन दिन नदीजन्य पदार्थ उत्खनन तथा संकलन गरेको हो, सोही दिन विक्री वितरण गर्ने व्यवस्था अनुमति प्राप्त समूहले मिलाउनु पर्नेछ ।

छ) राष्ट्रिय गौरवका आयोजना र गाउँपालिकाबाट सन्चालित आयोजनाहरुको हकमा ढुंगा, गिटी, वालुवा उत्खनन् , विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ का १२ बमाजिम हुनेछ ।

**५. नदीजन्य पदार्थको ओसार पसार सम्बन्धी व्यवस्थाः**

१) संकलन भएको नदीजन्य पदार्थको ओसार पसार गर्ने व्यवस्था अनुमति प्राप्त व्यक्तिले मिलाउनु पर्नेछ ।

२) नदीजन्य पदार्थ ओसार पसार गर्नेसवारी साधनलाई अनुमति प्राप्तकर्ताले अनुसूची २ बमोजिमको निस्सा उपलब्ध गराउनु पर्नेछ । उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारी चालकले सुरक्षित राखी चेक जाँचको समयमा देखाउनु पर्ने छ ।

३) त्यसरी निस्सा र कर तिरका रसिद नलिइ हिडका सवारी साधनलाइ सुरक्षाकर्मीले जाँचपड्ताल गरी आवश्यक कारबाहीका लागि गाउँपालिकामा बझाइदिनु पर्नेछ ।

६. अनुगमन सम्बन्धि व्यवस्थाः

१) ढुंगा, गिटी, वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन्, विक्री र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न देहायको स्थानीय अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडाअध्यक्षहरु | सदस्य |
| ५. प्रमुख योजना तथा अनुगमन शाखा | सदस्य |
| ६. प्रमुख इलाका प्रहरी कार्यालय, चौघरे | सदस्य |

७. प्रमुख पूर्वाधार विकास शाखा, कोन्ज्योसोम गाउँकार्यपालिकाको कार्यालय सदस्य सचिव

७. नियम विपरित गर्नेलाई कारबाही हुनेः वातावरण संरक्षण ऐन, २०७६ र तत् सम्बन्धी नियमावली, मापदण्ड, वातावरणीय परिक्षण प्रतिवेदन एवं यस कार्यविधिको विपरित कार्य गर्नेलाई प्रचलित कानून बमाजिम कारबाही हुनेछ ।

८. अनुसूचीमा हेरफेर गर्न सकिनेः यो कार्यविधिमा प्रयोग भएका अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर गर्न सक्नेछ ।

९. बाधा अड्काउ फुकाउनेः यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१०. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा लेखिएका कुराहरु बाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन, २०७६ एवं प्रचालित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

अनुसूची १ (कार्यविधिको दफा ४(१) ज. संग सम्बन्धित)

**कोन्ज्योसोम गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, चौघरे, ललितपुर**

मितिः-

इजाजत/चलानी नं.
१. संकलन/उत्खनन् गर्न अनुमति प्राप्त गर्नेको व्यक्ति
नामः-
ठेगानाः-
सम्पर्क नं.:-

२. संकलन गर्ने स्थानः-
ठेगानाः-
नदी/खोलाको नामः-
चारकिल्ला
पूर्वः-
उत्तरः-
लम्बाईः-

३. IEE मा उल्लेखित संकलन क्षेत्रः-
४. उत्खनन् अनुमतिको परिमाण (घन फिट) :-
५. प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नामः-
६. निकाशीमा प्रयोग हुने सवारी साधनको विवरणः-
पश्चिमः-
दक्षिणः-
चौडाईः-
ठेगानाः-
मितिः-
७. अनुमति अवधिः- मिति .......................... देखि ............................ सम्म
(विहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म)
बोधार्थ

श्री ...............................
...................................

(अध्यक्ष)

अनुसुची २ (कार्यविधिको दफा ५(२) संग सम्बन्धित)

संकलन अनुमति प्राप्त व्यक्तिले भर्नेः-

१. सामान ढुवानी गर्ने  साधनको नामः- .................................................

४. सामाग्रीको परिमाण (घन फिट) :- .......................................................

५. सामाग्री लैजाने स्थानः- ......................................................

२. गाडी नंः- ..........................................

६. चालकको नामथरः- ........................................................

७. कोन्ज्योसोम गाउँपालिकाबाट प्राप्त अनुमति पत्रको चलानी नं.............................

मिति .......................

अनुमति प्राप्त व्यक्तिको नामथरः-

दस्तखतः-

मितिः-

सम्पर्क नं. :-

मितिः २०८२/०७/१२

आज्ञाले

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत